# प्रदेश लोक सेवा आयोग

## प्रदेश नं. २, जनकपुरधाम

## प्रशासन शाखा

## प्रदेश निजामती सेवाका अधिकृत नवौं तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी र अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं.११/०७७-७८ प्रकाशन मिति : २०७८/२/२७**

प्रदेश निजामती सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका रिक्त पदहरुको पदपूर्ति गर्नुपर्ने भएकाले बढुवा तर्फको पदहरु तत्कालका लागि सुरक्षित राखी बाँकी पदहरुमा खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ अधिकृत नवौं तह | | | | | |
| १. | १२/०७७-७८ | प्रशासन, सामान्य प्रशासन | खुला | - | २ (दुई) | २ (दुई) |
| २. | १३/०७७-७८ | प्रशासन, सामान्य प्रशासन | मधेसी महिला | - | १ (एक) | १ (एक) |
| ३. | १४/०७७-७८ | प्रशासन, सामान्य प्रशासन | दलित महिला | - | १ (एक) | १ (एक) |
| ४. | १५/०७७-७८ | प्रशासन, सामान्य प्रशासन | अन्तर सेवा | - | २ (दुई) | २ (दुई) |
| ५. | १६/०७७-७८ | प्रशासन, लेखा | खुला | - | १ (एक) | १ (एक) |
| ६. | १७/०७७-७८ | प्रशासन, राजश्व | खुला | - | १ (एक) | १ (एक) |
| (आ) | | | | | | |
| | (क) स्वास्थ्य सेवा बाहेकको सेवा तर्फ | | | | | |
| १. | १८/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | - | १ (एक) | १ (एक) |
| २. | १९/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | खुला | - | १ (एक) | १ (एक) |
| ३. | २०/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | - | १ (एक) | १ (एक) |
| ४. | २१/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | खुला | - | १ (एक) | १ (एक) |
| ५. | २२/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | खुला | - | १ (एक) | १ (एक) |
| ६. | २३/०७७-७८ | कृषि, कृषि प्रसार (एगृ एक्सटेन्सन) | खुला | - | १ (एक) | १ (एक) |
| ७. | २४/०७७-७८ | कृषि, बागवानी (हर्टिकल्चर) | खुला | - | १ (एक) | १ (एक) |
| ८. | २५/०७७-७८ | कृषि, मत्स्य (फिसरिज) | खुला | - | १ (एक) | १ (एक) |
| ९. | २६/०७७-७८ | कृषि, एगृ.इको.एण्ड मार्केटिङ्ग | खुला | - | १ (एक) | १ (एक) |
| १०. | २७/०७७-७८ | कृषि, लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | खुला | - | १ (एक) | १ (एक) |
| ११. | २८/०७७-७८ | कृषि, बाली विकास (एग्रोनोमी) | खुला | - | १ (एक) | १ (एक) |
| १२. | २९/०७७-७८ | वन, जनरल फरेष्ट्री | खुला | - | १ (एक) | १ (एक) |
| | (ख) स्वास्थ्य सेवा तर्फ (पद, समूह, उपसमूह) | | | | | |
| १. | ३०/०७७-७८ | कन्सल्टेण्ट जनरल फिजिसियन, मेडिसिन, जनरल मेडिसिन | खुला | - | १ (एक) | १ (एक) |
| २. | ३१/०७७-७८ | कन्सल्टेण्ट सर्जन, सर्जरी, जनरल सर्जरी | खुला | - | १ (एक) | १ (एक) |
| ३. | ३२/०७७-७८ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, सर्जरी, अर्थोपेडिक सर्जरी | खुला | - | १ (एक) | १ (एक) |
| ४. | ३३/०७७-७८ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, रेडियोलोजी, रेडियो डाइग्नोसिस | खुला | - | १ (एक) | १ (एक) |
| ५. | ३४/०७७-७८ | कन्सल्टेण्ट साइक्याट्रिष्ट, साइक्याट्री | खुला | - | १ (एक) | १ (एक) |
| ६. | ३५/०७७-७८ | कन्सल्टेण्ट पेडियाट्रिसियन, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन | खुला | - | १ (एक) | १ (एक) |
| ७. | ३६/०७७-७८ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, एनेस्थेसियोलोजी | खुला | - | १ (एक) | १ (एक) |
| ८. | ३७/०७७-७८ | कन्सल्टेण्ट अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट, अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजी | खुला | - | १ (एक) | १ (एक) |
| ९. | ३८/०७७-७८ | जनस्वास्थ्य प्रशासक, हेल्थ इन्स्पेक्सन | खुला | - | १ (एक) | १ (एक) |
| १०. | ३९/०७७-७८ | जनस्वास्थ्य प्रशासक, हेल्थ इन्स्पेक्सन | अन्तर सेवा | - | १ (एक) | १ (एक) |

परीक्षाको किसिम :- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ ।

परीक्षा केन्द्र :- जनकपुरधाम ।

दरखास्त दस्तुर :- नवौं तहको लागि रु. १,२००|- (एक हजार दुई सय मात्र) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु. ५००|- (पाँच सय मात्र) थप दस्तुर बुझाउनु पर्नेछ ।

दरखास्त दिने अन्तिम मिति :- २०७८/३/१६ र दोब्बर दस्तुर तिरी २०७८/३/२३ सम्म ।

उम्मेदवारको उमेरको हद :-
- २०७८/३/१६ सम्म २१ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।
- इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको ।
- बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधामको कार्यालय कोड: २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२०००००१००१००००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामवाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचरमा Master ID लेखी Scan गरी Online Application भर्दा तोकिएको स्थानमा Upload गर्नुपर्नेछ ।

अपलोड गर्नुपर्ने कागजातहरु :- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरण :- सेवा, समूह सम्बन्धी

तलब :- प्रदेश नं.२ कानून बमोजिम।

सेवा सम्बन्धी मन्त्रालय :- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय।

## आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षित योग्यता :

### १. आवश्यक न्यूनतम योग्यता

क) प्रदेश निजामती सेवा खुला तथा समावेशीको लागि :

अ) स्वास्थ्य सेवा वाहेकको सेवा तर्फ

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

आ) स्वास्थ्य सेवा तर्फ

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा पाँच वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी परिषदमा दर्ता/नवीकरण भएको हुनुपर्नेछ।

ख) अन्तर सेवाको लागि :

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम हुनेछ।

### २. प्रदेश निजामती सेवाको खुला तथा समावेशीतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

(अ) स्वास्थ्य सेवा वाहेकको सेवा तर्फ (अप्राविधिक/प्राविधिक) अधिकृत नवौं तह वा सो सरह (सेवा, समूह, उपसमूह):

१. प्रशासन, सामान्य प्रशासन : मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण।
२. प्रशासन, लेखा : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर उत्तीर्ण।
३. प्रशासन, राजस्व : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, कानून, अर्थशास्त्र, जन प्रशासन, गणित वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उत्तीर्ण।
४. इन्जिनियरिङ्ग, सिभिल, जनरल : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त।
५. इन्जिनियरिङ्ग, सिभिल, हाइवे : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउन्डेसन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग वा जियोटेक्निकल इन्जिनियरिङ वा वायो इन्जिनियरिङ्ग वा इन्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रक्सन म्यानेजमेन्ट वा प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्सट्रक्सन प्रोजेक्ट म्यानेजमेन्ट वा म्यानेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्सन इन्जिनियरिङ्ग एण्ड म्यानजमेन्ट वा इन्जिनियरिङ्ग प्रोजेक्ट म्यानेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन वा वृज इन्जिनियरिङ्ग वा इनभारोमेन्टल इन्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चरल इन्जिनियरिङ्ग वा ट्राफिक इन्जिनियरिङ्ग वा रिभर इन्जिनियरिङ्ग वा हाइड्रोलोजी इन्जिनियरिङ्ग वा अर्थक्वेक इन्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वन ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त।
६. इन्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा विल्डिङ्ग स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त।
७. इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधी प्राप्त।
८. इन्जिनियरिङ्ग, सिभिल, इरिगेशन : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा वाटर रिसोर्स डेभलपमेण्ट वा हाइड्रोलोजी वा वाटर युज मेनेजमेन्ट वा स्ट्रक्चरल इन्जिनियरिङ्ग वा वाटर रिसोर्स इन्जिनियरिङ्ग वा हाइड्रोलोजिकल इन्जिनियरिङ्ग वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाइड्रोइन्फरमेटिक्स वा इरिगेशन इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा वाटर इन्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चर प्लानिङ्ग वा हाइड्रोलोजी एण्ड वाटर रिसोर्स वा हाइड्रोलिक इन्जिनियरिङ्ग ट्रपिकल वाटर म्यानेजमेन्ट वा सिभिल एण्ड म्युनिसिपल इन्जिनियरिङ्ग वा कन्सट्रक्सन म्यानेजमेन्ट वा एप्लाइड जियो मर्फोलोजिकल एण्ड इन्जिनियरिङ्ग जियोलोजिक सर्भे वा वाटर रिसोर्सेस म्यानेजमेन्ट वा इन्जिनियरिङ्ग सर्भे वा जियोटेक्निकल इन्जिनियरिङ्ग वा नेचुरल रिसोर्स म्यानेजमेन्ट वा हाइड्रोलिक इन्जिरियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधी प्राप्त।
९. कृषि, कृषि प्रसार (एग्र एक्सटेन्सन) : राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातकोत्तर तह (एम एस्सी एग् वा सो सरह) उत्तीर्ण।
१०. कृषि, बागवानी (हर्टिकल्चर) : राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बागवानी विषयमा स्नातकोत्तर तह (एम एस्सी एग् वा सो सरह उत्तीर्ण।
११. कृषि, मत्स्य (फिसरिज) : राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह (एम. एस्सी. एएन.एस्सी. (एक्वाकल्चर) वा एम.एस्सी. फिसरिज वा सो सरह उत्तीर्ण।
१२. कृषि, एग्.इको. एण्ड मार्केटिङ्ग : राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्. इकोनोमिक्स वा एग्. मार्केटिङ्ग वा एग्. फाइनान्स वा रिर्सोस इकोनोमिक्स वा एग्. बिजनेस मुख्य विषय लिई स्नातकोत्तर तह (एम.एस्सी.एग्.) वा सो सरह उत्तीर्ण।
१३. कृषि, लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट : राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान/एप्लाइड साइन्स (एनिमल ब्रिडिङ्ग, एनिमलन्युट्रिसन, लाइभस्टक प्रोडक्सन एण्ड मेनेजमेन्ट, पास्चर मेनेजमेन्ट, रेन्जलेन्ड म्यानेजमेन्ट लाइभस्टक इकोनोमिक्स, एनिमल वेलफेयर, लाइभस्टक एक्सटेन्सन, डेरी टेक्नोलोजी, फोडर एण्ड पास्चर प्रोडक्सन, प्रोल्ट्री प्रोडक्सन) विषयमा स्नातकोत्तर तह उत्तीर्ण।
१४. कृषि, बाली विकास (एग्रोनोमी) : राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एग्री वा सो सरह) उत्तीर्ण।
१५. वन, जनरल फरेष्ट्री : मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भीकल्चर वा वन स्रोत मापन (फरेष्ट मेन्सुरेशन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

(आ) स्वास्थ्य सेवा तर्फ नवौं तह (पद, समूह, उपसमूह):

१. कन्सल्टेण्ट जनरल फिजिसियन, मेडिसिन, जनरल मेडिसिन : मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।
२. कन्सल्टेण्ट सर्जन, सर्जरी, जनरल सर्जरी : मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।
३. कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, सर्जरी, अर्थोपेडिक सर्जरी : मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।
४. कन्सल्टेण्ट रेडियोलोजिष्ट, रेडियोलोजी, रेडियो डाइग्नोसिस : मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।
५. कन्सल्टेण्ट साइक्याट्रिष्ट, साइक्याट्री : मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त।
६. कन्सल्टेण्ट पेडियाट्रिसियन, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन : मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त।
७. कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, एनेस्थेसियोलोजी : मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

८. कन्सल्टेण्ट अब्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट, अब्टेट्रिक्स एण्ड गाइनोकोलोजी : मान्यता प्राप्त शिक्षण संस्थाबाट अब्टेट्रिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

९. जनस्वास्थ्य प्रशासक, हेल्थ इन्स्पेक्सन : मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (ब्याचलर अफ आयुर्वेदिक एण्ड मोडर्न मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) मधेसीको हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितको हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

### आ) खुला तथा समावेशी तर्फ दरखास्त दिन चाहिने उम्मेदवारहरुको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।

(१) निजामती तथा अन्य सरकारी निकाय,
(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था,
(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
(४) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय (Statutory organization/Agency),
(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय,
(६) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु,
(७) विश्वविद्यालयको आंगिक क्याम्पस,
(८) सामुदायिक विद्यालय

(ख) खण्ड (क) मा उल्लेख भए बाहेकको अन्य निकायको अनुभवको सम्बन्धमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवा शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत आवश्यक पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव सम्बन्धमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक (Part Time) रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(झ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

(ञ) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारको हकमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र दरखास्त पेश गर्दाको वखत अनिवार्य रुपमा उम्मेदवारसँग हुनु पर्नेछ ।

(ट) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ ।

### द्रष्टव्य :

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट www.ppsc.p2.gov.np बाट प्राप्त गर्न सकिने छ ।